अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

मनराशिसवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-९ संख्याः-३ .मितिः २०८२/०३/३०

भाग-१

मनराशिसवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

## मनराशिसवा नगरपालिका शिक्षा ऐन,२०७९ लाई संशोधन गर्न बनेको ऐन

# मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः**

मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मनराशिसवा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "मनराशिसवा नगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९ को दफा २ मा संशोधनः

मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ माः

१) देहायका परिभाषा थपिएका छनः

(श) **"नगरपालिकाद्वारा व्यवस्थापकीय जिम्मा लिएको विद्यालय"** भन्नाले नगरपालिकाले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ष) **"स्रोत शिक्षक"** भन्नाले विद्यालय निरिक्षण, सुपरिवेक्षण, अनुगमन तथा शिक्षक सहायता प्रदान गर्न स्थायी शिक्षक बाट काजमा खटाई सो काम काज गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(स) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदायस्तरमा संचालन गरिने आजिवन सिकाइ, अध्ययन, अनुसन्धान र सिप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

२) देहायका परिभाषा झिकिएका छन्ः

(ग) **"प्राथमिक शिक्षा"**

(न) **"स्वीकृत"**

(ल) **"शिक्षा अधिकृत"**

३) देहायका परिभाषामा संशोधन गरिएका छन्ः-

(क) **"प्रारम्भिक बालविकास शिक्षा"** भन्नाले कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि बालबालिकालाई २ वर्षमा दिइने सर्वाङ्गीण विकासमा केन्द्रित शिशु शिक्षा र बालबिकास शिक्षा सम्झनुपर्छ ।

(ख) **"शिशु शिक्षा"** भन्नाले ३ वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार/प्रदेश सरकार/नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकार/प्रदेश सरकार/नगरपालिकाबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ध) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अनुमति वा स्वीकृतिलाई जनाँउछ ।

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ कोः

१) उपदफाहरु (१), (२), (३) र (४) को सट्टा देहायका उपदफाहरु (१),(२),(३) र (४) राखिएका छनः

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठीका रुपमा सञ्चालन गर्ने व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखा प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मुनासिब देखिएमा नगर

शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मुनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

२) उपदफा (४) पछि देहायका उपदफाहरु (५), (६), (७), (८), (९) र (१०) थपिएका छन् :

(५) शैक्षिक गुठीको रुपमा विद्यालयः

(क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनुपर्नेछ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ।

(ग) शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ ।

(७) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(८) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(९) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१०) उपदफा ८ बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u>

मूल ऐनको दफा ४ संशोधन गरि देहाय बमोजिमका उपदफाहरु (१), (२) र (३) थपिएका छन्:

(४) <u>विद्यालयको संचालनः</u> विद्यालयको संचालन देहाय बमोजिम हुनेछः

(१) **<u>विद्यालयको प्रकार</u>:** विद्यालय तिन प्रकारका हुनेछन् ।

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) नगरपालिकाद्वारा व्यवस्थापकीय जिम्मा लिएको विद्यालय

(२) **<u>शिक्षाको प्रकार</u>:** विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) **आधारभूत शिक्षाः** (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा

(ख) **माध्यमिक शिक्षाः** (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा
(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

(३) **नगरपालिकाद्वारा व्यवस्थापकीय जिम्मा लिएको विद्यालयको सञ्चालनः** नगरपालिकाद्वारा व्यवस्थापकीय जिम्मा लिएको विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ कोः

१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) <u>नगर शिक्षा समितिको गठनः</u> नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः

(क) नगर प्रमुख.................................................................................. **अध्यक्ष**
(ख) प्रमुख प्रशासकीय अधिकृत.....................................................................**सदस्य**
(ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक.................................. **सदस्य**

(घ) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुनेगरी नगर प्रमुखले तोकेको दुई जना......................................................सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना............................................................सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना.........................................................................................सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना........................................................................................सदस्य

(ज) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञ मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना...............................................................सदस्य

(झ) शिक्षक महासंघको नगर समितिको अध्यक्ष वा निजले तोकेको पदाधिकारी एक जना.........................................................................................सदस्य

(ञ) शिक्षा शाखा प्रमुख .......................................................................**सदस्य-सचिव**

२) उपदफा (२) पछि देहायका उपदफाहरु (३), (४) र (५) थपिएका छन् :

(३) समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्नेले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(४) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५) **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(ख) सामुदायिक, संस्थागत, नगरपालिकाद्वारा व्यवस्थापकीय जिम्मा लिएको, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(घ) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(ङ) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(च) विद्यालय व्यवस्थापन समिति गठन, व्यवस्थापन तथा खारेजी,

(छ) विद्यालयको नामाकरण,

(ज) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(झ) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(ञ) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा सरुवा,

(ट) विद्यालयको नक्साङ्कन, अनुमति, कक्षा/तह थप, समायोजन, विद्यालय सार्ने, खारेजी तथा नियमन,

(ठ) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(ड) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(ढ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(ण) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(त) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति, अनुगमन तथा नियमन,

(थ) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,

(द) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(ध) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(न) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(प) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(फ) खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन,

(ब) विद्यालयहरुको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्य गर्ने,

(भ) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने, करारमा शिक्षक भर्ना गर्न लगाउने,

(म) नगर शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(य) शिक्षकको कार्यदक्षताको आधारमा दण्ड सजाय वा पुरस्कारको व्यवस्था गर्ने,

(र) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

६. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ कोः

१) उपदफाहरु (२) र (३) को सट्टा देहाय बमोजिमका उपदफाहरु (२) र (३) राखिएका छन्:

(२) <u>परीक्षा संचालन तथा समन्वय समितिः</u> आधारभूत तह परीक्षाको संचालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको परीक्षा संचालन तथा समन्वय समिति हुनेछः

क) प्रमुख प्रशासकीय अधिकृत............................................................**अध्यक्ष**

ख) सामाजिक विकास शाखा प्रमुख.......................................................**सदस्य**

ग) नगरपालिकाभित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तिमा एकजना महिलासहित परीक्षा समितिद्वारा मनोनित गरेका दुई जना................................................**सदस्य**

घ) नगरपालिकाभित्रका संस्थागत विद्यालयका शिक्षकहरुमध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एक जना..............................................................**सदस्य**

ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एक जना......................................................................**सदस्य**

च) शिक्षा शाखा प्रमुख............................................................**सदस्य-सचिव**

(३) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

२) उपदफा (३) पछि देहाय बमोजिमका उपदफाहरु (४), (५) र (६) थपिएका छन्:

(४) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) परीक्षा संचालन तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

क) परीक्षा सञ्चालन सम्बन्धमा निति निर्धारण गर्ने,

ख) नगरपालिकाले तोकेको न्युनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

ञ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोकेबमोजिमको अन्य कार्य गर्ने।

ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० कोः

१) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

(२) विद्यालय व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना...........................................................................सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य.................................................सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना.............................**सदस्य**

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना....**सदस्य**

(ङ) विद्यालयको प्रधानाध्यापक................................................**सदस्य-सचिव**

२) उपदफा (२) पछि देहाय बमोजिमका उपदफाहरु (३), (४), (५), (६), (७), (८), (९), (१०), (११) र (१२) थपिएका छन्:

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा नगरपालिकाले मनोनित गरेको व्यक्ति...................................**अध्यक्ष**

ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित दुई जना..................................................................................**सदस्य**

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य..........................................................**सदस्य**

घ) शिक्षा शाखा प्रमुख...................................................................**सदस्य**

ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एक जना...............**सदस्य**

च) विद्यालयको प्रधानाध्यापक.......................................................**सदस्य-सचिव**

(६) अध्यक्ष वा सदस्यको पदावधी तीन वर्षको हुनेछ।

(७) **व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने** : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) आधारभुत विद्यालय (०-५) को लागि कम्तीमा कक्षा पाँच उत्तीर्ण नगरेको, आधारभुत विद्यालय (०-८)को लागि कम्तीमा कक्षा आठ उत्तीर्ण नगरेको, माध्यमिक विद्यालय (०-१०) को लागि कम्तीमा SEE वा सो सरह उत्तीर्ण नगरेको,
माध्यमिक विद्यालय (०-१२) को लागि कम्तीमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण नगरेको,

(घ) अध्यक्षको लागि भए सम्बन्धित विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(च) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको।

(८) <u>सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>

क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

ख) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

ग) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

घ) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने,

छ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकामा लेखी पठाउने,

ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी नगरपालिकालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन नगरपालिकामा पठाउने,

ञ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

ट) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

ड) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने।

**(९) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिः**

(क) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(ख) व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(ग) उपदफा ९(ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(घ) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतः तीन दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ङ) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पच्चास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(च) व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(छ) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(ज) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) <u>व्यवस्थापन समिति विघटन गर्न सक्ने</u>:- देहायका अवस्थामा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेछः

(क)तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख)विद्यालयको सम्पति हिनामिना गरेमा,

(ग) विद्यालयको शैक्षिक वातावरण खल्वल्याएमा,

(घ) नेपाल सरकारको निति विपरीत काम गरेमा,

(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनकरुपमा गर्न नसकेमा,

(च) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा।

तर, त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नुपर्ने छ। यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा वा विद्यालय व्यवस्थापन समिति विघटन भएमा विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले देहाय बमोजिमको सदस्य रहने गरी एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछः

(क) अभिभावक, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट तिन जना महिला सहित छौ (६) जना...................................................................**सदस्य**

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य......................................................**सदस्य**

(ग) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना....**सदस्य**

(घ) विद्यालयको प्रधानाध्यापक..................................................**सदस्य-सचिव**

(१२) नगर शिक्षा समितिले उपदफा (११) को खण्ड (क) बमोजिमका सदस्यहरुमध्येबाट एक जनालाई सो समितिको अध्यक्ष मनोनित गर्नेछ ।

८. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ कोः

१) उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छः-

(३) उचित र पर्याप्त कारण भएमा शिक्षकलाई देहाय बमोजिमको दण्ड सजाय गर्न सकिनेछः

क) नसिहत दिने,

ख) ग्रेड वृद्धि रोक्का गर्ने,

ग) ग्रेड कट्टा गर्ने,

घ) तलब रोक्का गर्ने,

ङ) तलब कट्टा गर्ने,

च) बढुवा रोक्काको लागि सिफारिस गर्ने,

छ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने,

ज) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

२) उपदफा (३) पछि देहाय बमोजिमका उपदफाहरु (४),(५),(६),(७),(८),(९),(१०) र (११) थपिएका छनः

(४) <u>नसिहत दिने</u> : शिक्षकले विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालन नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

(५) <u>ग्रेड वृद्धि रोक्का गर्ने, ग्रेड कट्टा गर्ने, तलब रोक्का गर्ने,तलब कट्टा गर्ने र बढुवा रोक्काको लागि सिफारिस गर्ने</u> : देहायको अवस्थामा शिक्षकलाई ग्रेड वृद्धि रोक्का गर्ने, ग्रेड कट्टा गर्ने, तलब रोक्का गर्ने र बढुवा रोक्का गर्न सकिनेछ :

(क) अनुशासनहीन काम गरेमा,

(ख) बराबर विद्यालयको समय पालन नगरेमा,

(ग) आचरण सम्बन्धी नियम उल्लंघन गरेमा,

(घ) कार्य क्षमताको अभाव भएमा,

(ङ) शिक्षण सिकाई उपलब्धि २५% भन्दा कम भएमा,

(च) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(छ) प्रधानाध्यापकले तालीम वा प्रशिक्षणमा छनौट भएका शिक्षकलाई सहभागी हुन नपठाएमा ।

(६) <u>देहायको अवस्थामा शिक्षकलाई भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन सकिनेछ</u> :

(क) पदीय दायित्व पूरा नगरेमा,
(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,
(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,
(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,
(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय तहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

(७) <u>शिक्षकलाई देहायका अवस्थामा भविष्यमा शैक्षिक नोकरीको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्न सकिनेछ</u> :-
(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा,
(ख) भ्रष्टाचार गरेमा ।

(८) <u>सजाय सम्बन्धी कार्यविधि:</u>

(क) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्छ । यसरी सफाईको मौका दिंदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रुपले किटिएको हुनु पर्नेछ ।त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

(ख) उपदफा ८(क) बमोजिम शिक्षकले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजायको आदेश दिन पाउने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्नेछ ।

(९) <u>निलम्बन गर्नेः</u>

(क) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्वन गर्न सक्नेछ । निलम्वन गर्दा साधारणतया तीन महिनाभन्दा बढी गर्नु हुँदैन ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्वन भएको मानिनेछ।यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन ।

(ग) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा नोकरीमा नरहेमा निजको निलम्वन समाप्त भएको मानिनेछ ।

(घ) उपदफा ९(क) बमोजिम कुनै शिक्षक निलम्वन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलवको आधा मात्र पाउनेछ ।

तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाई पाएमा निजले निलम्वन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउनेछ ।

(१०) <u>सजाय गर्नेः</u> शिक्षकले दफा १९ को उपदफा ८ बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्नेछ।

(११) <u>सजाय गर्ने अधिकारीः</u> शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ :-

(क) शिक्षक/प्रधानाध्यापकलाई नसिहत दिने शिक्षा शाखा प्रमुख,

(ख) ग्रेड वृद्धि रोक्का गर्ने, ग्रेड कट्टा गर्ने, तलब रोक्का गर्ने, तलब कट्टा गर्ने र बढुवा रोक्काको लागि सिफारिस गर्ने नगर प्रमुख,

(ग) शिक्षकलाई भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिनेगरी नोकरीबाट हटाउने नगर शिक्षा समिति,

(घ) शिक्षकलाई भविष्यमा शैक्षिक नोकरीको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने नगर शिक्षा समिति ।

९. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ मा संशोधन गरि देहायका उपदफाहरु (१),(२),(३) र (४) थपिएका छनः

(२१) <u>शैक्षिक योग्यताः</u> विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता देहाय बमोजिम हुनेछः

१) <u>विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता देहाय बमोजिम हुनेछः</u>

(क)प्राम्भिक बालविकास सहजकर्ताको न्यूतम शैक्षिक योग्यता **SEE** वा सो सरह

(ख) आधारभुत तह (०-५) सम्मको विद्यालयको शिक्षकको लागि **SEE** वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको वा शिक्षा शास्त्र विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र लिएको ।

(ग) आधारभुत तह (६-८) सम्मको विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र लिएको ।

(घ) माध्यमिक तह (९-१०) सम्मको विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र लिएको।

(ङ) माध्यमिक तह (११-१२) सम्मको विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातकोतर तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र लिएको ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सँस्कृत,लेखा, कम्प्यूटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा वाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले अध्यापन अनुमतिपत्र नलिए पनि शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ ।

३) उपदफा (२) बमोजिम उम्मेदवार भएको व्यक्ति शिक्षक पदमा नियुक्ति भएमा निजले त्यसरी नियुक्ति भएको पाँच वर्षभित्र अध्यापन अनुमतिपत्र लिइसक्नु पर्नेछ।

४) विद्यालयको प्रधानाध्यापकका लागि चाहिने शैक्षिक योग्यता देहाय बमोजिम हुनेछः

(क) आधारभुत तह (०-५) सम्मको सामुदायिक विद्यालयको प्रधानाध्यापक स्थायी प्राथमिक शिक्षक र न्यूतम शैक्षिक योग्यता **SEE** वा सो सरह,
(ख) आधारभुत तह (०-८) सम्मको सामुदायिक विद्यालयको प्रधानाध्यापक स्थायी निम्न माध्यमिक शिक्षक र न्यूतम शैक्षिक योग्यता उपदफा १(ग) बमोजिम,
(ग) माध्यमिक तह (०-१०) सम्मको सामुदायिक विद्यालयको प्रधानाध्यापक स्थायी माध्यमिक शिक्षक र न्यूतम शैक्षिक योग्यता उपदफा १(घ) बमोजिम,
(घ) माध्यमिक तह (०-१२) सम्मको सामुदायिक विद्यालयको प्रधानाध्यापक स्थायी माध्यमिक शिक्षक र न्यूतम शैक्षिक योग्यता स्नातकोत्तर ।

१०. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ कोः
१) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

(२) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयको दरवन्दीमा शिक्षक, वालविकास सहयोगी र विद्यालयमा कामगर्ने कर्मचारीलाई आवश्यकता अनुसार नगरपालिकाको एक सामुदायिक विद्यालय बाट अर्को सामुदायिक विद्यालयमा नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ।

२) उपदफा (२) पछि देहाय बमोजिमका उपदफाहरु (३),(४) र (५) थपिएका छनः

(३) शिक्षक, वालविकास सहयोगी र विद्यालयमा कामगर्ने कर्मचारीलाई खटाइएको ठाँउमा ७ दिन भित्र हाजिर नभएमा वा समाजिक सदभाव बिगार्न खोजेमा नगर शिक्षा समितिको निर्णय अनुसार कारवाही गरिनेछ।

(४) विद्यालय निरिक्षण, सुपरिवेक्षण, अनुगमन तथा शिक्षक सहायता प्रदान गर्न स्थायी शिक्षकबाट काजमा खटाई शिक्षा युवा तथा खेलकुद शाखा अनतर्गत एक स्रोत शिक्षक रहन सक्नेछ र निजको काम कर्तव्य देहाय बमोजिम हुनेछः

क) प्रत्येक महिनामा सबै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने । निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा विद्यार्थी, शिक्षक र प्रधानाध्यापकसँग छलफल गरी छलफल भएको कुरा निरीक्षण तथा सुपरीवेक्षण सम्वन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने र सो को प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

ख) यस ऐन नियम बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको समय शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावक संघ सँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

ग) विद्यालय निरीक्षण सम्वन्धी प्रतिवेदन शिक्षा प्रमुख समक्ष पेश गरी निर्देशन बमोजिम गर्ने गराउने,

घ) विद्यालय विकासको लागि व्यवस्थापन समिति तथा सरोकाबालाहरु सँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

ङ) नमुना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समूह) तयार गर्ने र समय-समयना प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने,

च) शिक्षक तथा विद्यालय कर्मचारीको कार्य क्षमताको मुल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा शाखामा उपलब्ध गराउने,

छ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जांचबुझ गरी नवसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

ज) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जांच वा निरीक्षण गरी विदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिलाई सिफारिस गर्ने,

झ) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको अतिरित्त गैससबाट सञ्चालित कार्यक्रमहरु नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी शिक्षा शाखामा प्रतिवेदन पेश गर्ने,

ञ) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा शाखा प्रमुख समक्ष सिफारिश गर्ने,

ट) आजीवन शिक्षा र सीप शिक्षाको उचित प्रबन्ध गर्ने गराउने, शिक्षा प्रमुखले तोके बमोजिम थप कार्य गर्ने गराउने,

ठ) नगरपालिकाले शिक्षा सम्बन्धि प्रत्यायोजित कार्य गर्ने,

ड) शिक्षकलाई शिक्षण सिकाई सम्बन्धि सहयोग गर्ने।

(५) **विद्यालय निरीक्षण तथा अनुगमन :** विद्यालयको निरीक्षण तथा अनुगमन देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधि, श्रोत शिक्षक, नगरपालिका भित्र उत्कृष्ट नतिजा हासिल गराउन सफल विषयगत शिक्षक प्रतिनिधित्व रहेको विषयगत समिति विषयविज्ञ रहेको रोस्टर निर्माण गर्ने। उक्त रोस्टर मध्येबाट नगरपालिकाका सबै विद्यालयमा ३ महिनामा कम्तीमा १ पटक विद्यालय निरीक्षण तथा अनुगमन गरी पेसागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रर्दशन, छोटो अवधिका माँगमा आधारित तालिम सञ्चालन एवम् शैक्षणिक समस्या समाधानका लागि रोष्टरको परिचालन गर्ने गराउने ।

(ख) विद्यालयको निरीक्षण तथा अनुगमन गर्दा प्रचलित नियमको परिधि भित्र रही दैनिक भत्ता, ईन्धन तथा यातायात खर्च, स्टेशनरी/मसलन्द, खाना-खाजा, प्रतिवेदन तयारी आदि प्रयोजनार्थ आवश्यक रकम नगरपालिकाले उपलब्ध गराउने।

(ग) विद्यालय निरीक्षण तथा अनुगमन गरी नगरपालिकामा मासिक प्रतिवेदन बुझाउनु पर्नेछ।

११. **मूल ऐनको दफा २६ मा संशोधनः** मूल ऐनको दफा २६ मा देहायका उपदफा (१) थपिएको छः-

(१) नगर शिक्षकको लागि अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक नपाएमा अर्को सूचना द्वारा अध्यापन अनुमतिपत्र विनाको शिक्षक राख्न बाधापर्ने छैन्।

१२. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ कोः

(१) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्रधानाध्यापक र लेखा सम्बन्धी कार्य गर्ने विद्यालय कर्मचारी वा लेखा सम्बन्धी सहयोग गर्ने शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(२) उपदफा (२) पछि देहाय बमोजिमका उपदफाहरु (३) र (४) थपिएका छनः

(३) <u>लेखा परीक्षण गराउने</u> :

(क)प्रधानाध्यापकले प्रत्येक वर्ष नगरपालिकाबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ ।

(ख)लेखा परीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनु पर्नेछ र निजले कैफियत गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

(ग) विद्यालयको आय व्ययको लेखा नगरपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गर्ने सिलसिलामा विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(ङ) प्रधानाध्यापकले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन शिक्षक तथा अभिभावकको भेला गराई सार्वजनिक गरी त्यस्तो प्रतिवेदन नियमित रुपमा नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(४) <u>प्रतिवेदन पेश गर्नु पर्ने</u>:- लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरु खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र नगरपालिकामा एक-एक प्रति पठाउनु पर्नेछ :-

(क)सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,
(ख)पेश भएको आय व्ययको हिसाब रीतपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रुपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै शिक्षक वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको

(छ) लेखापरीक्षकले मनासिब र आवश्यक सम्झेका अन्य कुरा ।

१३. <u>मूल ऐनको दफा ३६ मा संशोधनः</u> मूल ऐनको दफा ३६ कोः

(१) उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

२) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयको शिक्षक एव, कर्मचारीको दरवन्दी आवश्यकता अनुसार मिलान वा हेरफेर गर्ने अधिकार नगर शिक्षा समितिलाई हुनेछ।

१४. <u>मूल ऐनको दफा ३९ मा संशोधनः</u> मूल ऐनको दफा ३९ मा देहाय बमोजिम संशोधन गरिएको छ।

(३९) <u>बाधा अडकाउ हटाउने अधिकारः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाको निर्णय अनुसार नगरपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ।

प्रमाणीकरण मितिः २०८२।०३।३०

**आज्ञाले,**
**राजेश कुमार शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**